**नगरपालिकाका प्रमुख श्री शम्भु प्रसाद यादवको अध्यक्षतामा मिति २०७५/३/७ गते विहिबार विहान ८ बजे यस नगर कार्यपालिकाको बैठक बसी देहायको निर्णय गर्यो ।**

१) नगरपालिका अन्तरगत सबै वडाका जम्मा १०३ जना महिला स्वास्थ्य स्वयसेविकाहरुलाई श्रावण महिनादेखि नै रु १०००।०० का दरले मासिक भत्ता स्वरुप उपलब्ध गराउने र सो को लागि यसै आर्थिक बर्षको चालु खर्च तर्फ वचत हुने पदाधिकारीहरुको पारिश्रमिक बजेट शिर्षकबाट जम्मा रु १२ लाख ३६ हजार खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

२) बोलपत्र आह्वानको सूचना प्रकाशित भए बमोजिम स्पशिफिकेशन (कम्तीमा ४.५ क्युविक मिटर को १ थान र कम्तीमा ३ क्युविक मिटर को २ थान) टिपर खरिदको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भए बमोजिम खरिदका लागि स्पशिफिकेशन अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । र सो को लागि सवारी चालक ३ जना र ब्याक हो लोडरका लागि १ जना करार सेवाबाट पुर्ति गर्ने समेत निर्णय गरियो ।

३) राजविराज नगर कार्यपालिका, न्यायीक समितिको मिति २०७५।३।४ गते बसेको बैठकको निर्णयलाई अनुमोदन गर्दै मासिक ३ वटामात्र इजलाश बसेको बैठक सरह भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय भयो ।

४) राजविराज नगरपालिका, वा.न. १५, मुसहर्नियामा पशु हाट हप्ताको एकदिन मात्र लगाउने र न्युनत्तम रु १५१००० ठेक्का रकम तोकी ठेक्का लगाउने, र प्रति पशु खरिद गर्नेलाई २ प्रतिशत र बिक्री गर्नेसंग रु १५ मात्र रकम असुल गर्ने सर्वसम्मत निर्णय भयो ।

५) राजविराज नगरपालिका, वा.न. १६ का वडाध्यक्ष श्री बुचाई दास बिरामी परि धरान विपी कोईराला अस्पतालमा उपचार खर्चमा लागेको रकमको बिल भरपाई बमोजिम एक पटकका लागि मात्र  रु ३८ हजार ४ सय १५ मात्र उपलब्ध गराउने सर्वसम्मत निर्णय भयो ।